# "कृषि/पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि-२०७८"

(पहिलो संशोधन-२०७९)

## बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### अमाहिवेल्हा,सुनसरी
### १ नं. प्रदेश, नेपाल

**पृष्ठभूमीः**

कृषि,पशुपंछी तथा मत्स्य क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखी अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यवसायीकरण गरेर प्रतिस्पर्धी रुपमा सक्षम,आत्मनिर्भर बनाउन आवश्यक छ। यसका लागि कृषि/पशुपंछीजन्य उत्पादनलाई प्रशोधन तथा बजारीकरण गरि कृषकलाई बढी प्रतिस्पर्धी तथा उत्पादनमुखी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र कृषि/पशुजन्य व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्धन, गरिबी न्युनीकरणको माध्यमबाट आवश्यक कृषि,पशुपंछी तथा मत्स्यजन्य पदार्थको मागलाई पूर्ति गर्न कृषि/पशुपंछी,मत्स्यजन्य उत्पादन पालिका बाहिर निर्यात गरि कृषि/पशुपंछी एवं मत्स्यपालन व्यवसायबाट कृषकहरुको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको कृषि/पशुपंछी नीति तथा कार्यक्रमलाई सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐनको दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "कृषि/पशुपंछी तथा मत्स्य फार्म दर्ता कार्यविधि-२०७८ (पहिलो संशोधन-२०७९)" रहेको छ।

ख. यो कार्यविधि बर्जु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"गाउँपालिका"** भन्नाले बर्जु गाउँपालिका सम्झनु पर्छ।

ख. **"कार्यालय"** भन्नाले बर्जु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग.**"शाखा"** भन्नाले बर्जु गाउँपालिकाको कृषि/पशु सेवा शाखा सम्झनु पर्दछ।

घ. **"वडा कार्यालय"** भन्नाले बर्जु गाउँपालिका भित्रका वडा कार्यालय सम्झनु पर्दछ।

ङ. **"निजि फर्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ।

च.**"प्राविधिक"** भन्नाले बर्जु गाउँपालिका अन्तर्गत निजी क्षेत्रमा कार्यरत ग्रा.प.स्वा.का./ जे.टि.ए./ जे.टि. भन्ने सम्झनु पर्दछ।

छ. **"कार्यविधि"** भन्नाले कृषि/पशुपंछी तथा मत्स्य फार्म दर्ता कार्यविधि-२०७८ (पहिलो संशोधन-२०७९)सम्झनु पर्दछ।

**३. उधेश्यहरुः**

क. कृषि तथा पशुपंछी सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने।

ख. सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

ग. गाउँपालिकालाई दुध,मासु,अण्डा,माछा,तरकारी,फलफुल तथा खाधान्न लगायतका व्यवसायमा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने।

घ. कृषि/पशुपंछी व्यवसायको उधमशिलता प्रवर्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा शिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप प्रदान गरिने अनुदान कार्यक्रममा सहयोग पुर्याउने।

ङ. कृषि/पशुपंछी व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनीकरण गर्न सहयोग पुर्याउने।

च. कृषि/पशुपंछी व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्नको लागि विभिन्न प्रकारका विउ/विरुवा, रासायनिक मल, औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्न सहयोग पुर्याउने।

## परिच्छेद-२

## कृषि/पशुपंछी तथा मत्स्यफार्म तथा सो संग सम्बन्धित व्यवसायकृषि/पशु सेवा शाखामा दर्ता सम्बन्धि प्रक्रियाः

- कृषि/पशुपंछी तथा मत्स्य फार्म,दाना पसल/एग्रोभेट, डेरी पसल, माछा/मासु/अण्डा पसल,फलफुल पसल आदि कृषि/पशु सेवा शाखामा अभिलेख राखी तिनीहरुको नियमन,प्रवर्दन र अनुगमन गरिनेछ।
- गाउँ सभाबाट स्वीकृत कृषि/पशु विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।
- एग्रोभेट/ग्रा.प.स्वा.का./जे.टि./जे.टि.ए. हरुलाई कृषि/पशु सेवा शाखामा सुचिकृत गरि तिनीहरुको नियमन, प्रवर्दन, परिचालन र अनुगमन गरिने छ।
- यस गाउँपालिका भित्रका कृषि/पशुपंछी तथा मत्स्यपालन पेशा गर्दै आईरहेका अगुवा कृषकले आफ्नो फार्म/पसल गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि/पशु सेवा शाखाबाट स्थलगत अवलोकन गरि फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि/पशु सेवा शाखामा फार्म दर्ता गरिने छ।

### पशुपंछी तथा मत्स्य फार्म दर्ताको न्युनतम मापदण्डः

व्यवसायिक गाईभैंसी फार्मलाई ३ वर्गमा विभाजन गरिने छ।

१. व्यवसायिक गाई/भैसिं फार्मको वर्गीकरणः

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क. साना व्यवसायिक गाई/भैंसी फार्मः

५-१० वटाउन्नत जातका गाई/भैंसीपालन गरि दुध उत्पादन सुरु गरेको फार्मलाई मानिनेछ।

ख. मझयौला व्यवसायिक गाई/भैंसी फार्मः

११-२० वटा उन्नत जातका गाई/भैंसीपालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक गाई/भैंसी फार्मः

२१ वटा भन्दा बढी उन्नत जातका गाई/भैंसीपालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

२. व्यवसायिक बाख्रा फार्मको वर्गीकरणः

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क. साना व्यवसायिक बाख्रा फर्मः

२०-३० वटा माउ बाख्रा वा ५-१० वटा वोयर माउ बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिनेछ।

ख. मझयौला व्यावसायिक बाख्रा फर्मः

३१-५०वटा माउ बाख्रा वा ११-२० वटा वोयर माउ बाख्रा पालन व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक बाख्रा फर्मः

५१ वटा भन्दा बढी माउ बाख्रा वा २१ वटा भन्दा बढी वोयर माउ बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

३. <u>व्यवसायिक सुँगुर/बंगुर फार्मको वर्गीकरणः</u>

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क. साना व्यवसायिक सुँगुर/बंगुर फार्मः

पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ बंगुर र मासुका लागि भए १०-२० वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ख. मझयौला व्यवसायिक सुँगुर/बंगुर फार्मः

पाठापाठी उत्पादनको लागि भए ११-२० वटा माउ बंगुर र मासुका लागि भए कम्तिमा २१-३० वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक सुँगुर/बंगुर फार्मः

पाठापाठी उत्पादनको लागि भए २१ वटा माउ बंगुर भन्दा बढी र मासुका लागि भए कम्तिमा ३१ वटा भन्दा बढी बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

४. <u>व्यवसायिक कुखुरा फार्मको वर्गीकरणः</u>

व्यावसायिक कुखुरा फार्मको वर्गीकरण यसप्रकार छ।

क. साना व्यवसायिक कुखुरा फार्मः

२००-१००० वटा लेयर्स, ब्रोईलर वा १००-२०० वटा स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ख. मझौला व्यवसायिक कुखुरा फार्मः

१००१-२००० वटा लेयर्स, ब्रोईलर वा २०१-५०० वटा स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक कुखुरा फार्मः

२००१ वटा देखि लेयर्स, ब्रोईलर वा ५०१ भन्दा माथि स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

५. <u>माछा पालन फार्मः</u>

माछापालन व्यवसायको वर्गीकरण यस प्रकार रहेको छ।

क. साना व्यवसायिक माछा फार्मः

कम्तिमा ३ कठ्ठा देखि १०कठ्ठासम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछापालन व्यवसाय गरेको हुनु पर्दछ।

ख. मझयौला व्यवसायिक माछा फार्मः

कम्तिमा ११ कठ्ठा देखि ३० कठ्ठासम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछापालन व्यवसाय गरेको हुनु पर्दछ।

ग. ठुला व्यवसायिक माछा फार्मः

कम्तिमा ३१ कठ्ठाभन्दा माथि पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछापालन व्यवसाय गरेको हुनु पर्दछ।

६. <u>मिश्रित फार्मः</u>

माथिका न्युनतम परिधि पुरा गरेर एकभन्दा बढी किसिमका पशुपंछी एउटा व्यक्तिले व्यसायिक तवरले पालन गरिएको हुनुपर्दछ।

७. <u>मासु पसलः</u>

दैनिक २० के.जी. भन्दा बढी मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रक्रियामा लागिने छ।

८. <u>डेरी पसलः</u>

दैनिक १०० लिटर वा सो भन्दा बढी दुध बिक्रि गर्ने डेरी पसललाई दर्ता प्रक्रियामा लगिने छ।

९. <u>अण्डा पसलः</u>

दैनिक ३०० गोटा वा सो भन्दा बढी अण्डा बिक्रि गर्ने अण्डा पसललाई दर्ता प्रक्रियामा लगिने छ।

१०. <u>एग्रोभेट पसलः</u>

सम्बन्धित निकायमा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट पान नं. लिएर संचालन भैरहेको व्यवसायलाई शाखामा दर्ता गरिने छ।

११.<u>पशु स्वास्थ्यकर्मीः</u>

नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक शैक्षिक संस्थाबाट योग्यता पुरा गरि यस पालिका अन्तर्गत निजि क्षेत्रमा कार्यरत रहेका ग्रा.प.स्वा.का./जे.टि./जे.टि.ए प्राविधिकहरुलाई शाखामा आवश्यकतानुसार सुचिकृत गरिने छ।

## <u>कृषि फार्म दर्ताको न्युनतम मापदण्डः</u>

१. <u>खाधान्न बालीः</u>

कम्तिमा २ हेक्टर क्षेत्रफ़लमा उत्पादन गरेको हुनु पर्नेछ।

२. <u>नगदे बालीः</u>

कम्तिमा १ हेक्टर क्षेत्रफ़लमा उत्पादन गरेको हुनु पर्नेछ।

३. <u>तरकारी खेतिः</u>

कम्तिमा ३ कठ्ठा भन्दा बढी क्षेत्रफ़लमा व्यावसायिक रुपमा बाह्रै महिना तरकारी उत्पादन गरेको हुनु पर्नेछ।

४. फलफुल खेतिः
कम्तिमा ५ कठ्ठा वा सो भन्दा बढीमा फलफुल खेति गरिएको हुनु पर्नेछ।

५. च्याउ खेतिः
व्यावसायिक रुपमा करिब ५ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरि खेति गरेको हुनु पर्नेछ।

६. मौरी पालनः
मौरी पालनको हकमा आधुनिक घार कम्तिमा २० वटा भन्दा बढीमा पालन गरेको हुनु पर्दछ।

७. फलफुल पसलः
वार्षिक रु.५ लाख वा सो भन्दा बढीको फलफुल व्यवसाय संचालन गरेको हुनु पर्दछ।

नोटःयो कार्यविधि लागु हुनुभन्दा अगाडी दर्ता भएको १ वर्ष अवधि पुरा भएको फार्म, डेरी / माछा/ मासु/ अण्डा पसल, फलफुल पसल, एग्रोभेट, कृषि/पशु प्राविधिक दर्ता तथा नविकरणमा लाग्ने शुल्क बर्जु गाउँपालिकाको निर्णय अनुसार हुनेछ। दर्ता भएको फार्म/ एग्रोभेट/ डेरी/ माछा/ मासु/ अण्डा पसल, फलफुल पसल, एग्रोभेट, कृषि/पशु प्राविधिक को समय समयमा अनुगमन गरिने छ र कानुन विपरित कामकाज गरेको पाईएमा बर्जु गाउँपालिकाको निर्णय बमोजिम कारबाही गरि दर्ता खारेजी प्रक्रियामा लगिने छ।

## परिच्छेद-३

### ❖ फार्म दर्ताको लागि आवश्यक कागजात

- अनुसूची-१ बमोजिमको निवेदन।
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
- २ प्रति पासपोर्ट साइजको फोटो।
- घरेलु तथा साना उधोग कार्यालयबाट प्राप्त व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- आन्तरिक राजस्व कार्यालयबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
- जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको) र संगोलमा भए मंजुरिनामा।
- राजश्व खातामा तोकिएको राजश्व बुझाएको रसिद।
- सम्बन्धित वडा कार्यालयको सिफारिस र चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का (फार्म वा व्यवसायले समुदायमा पार्न सक्ने सकारात्मक/ नकारात्मक प्रभावको विवरण सहितको)।
- न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा व्यवसाय नविकरणको हकमा वडाको कृषि/ पशु सेवा प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन।
- फार्मको छाप
- नवीकरण गर्न कर चुक्ता प्रमाण पत्र र वडा कार्यालयको सिफारिस आवश्यक पर्ने छ। (आवश्यक परेको खण्डमा वार्षीक प्रगति प्रतिवेदन, वार्षीक कार्ययोजना समेत)

## परिच्छेद-४

## खारेजी तथा बचाउः

१. यो कार्यविधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बर्जु गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट,हेरफेर,संशोधन तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि बर्जु गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

३. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१

(फार्म दर्ताको लागि निवेदनको ढांचा)

| |
|---|
| टिकट<br>रु.१० |

बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अमाहिवेल्हा,सुनसरी
कृषि/पशु सेवा शाखा
१ नं.प्रदेश,नेपाल

मितिः..........................

श्रीमान शाखा प्रमुख ज्यु,
बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि/पशु सेवा शाखा
अमाहिवेल्हा,सुनसरी

विषयः फार्म दर्ता गरि पाउँ।

महोदय,

प्रस्तुत विषयमा बर्जु गाउँपालिका वडा नं. ....... मामिति .................................. देखि व्यावसायिक रुपमा ........................................................................................ नामको फार्म/ पसल संचालन गरि ............................................ पालन/ व्यवसाय/ खेति गरिरहेकोले उक्त फार्म/ पसललाई दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी रु.१० को टिकट समेत टाँस गरि फार्म दर्ताको लागि निवेदन पेश गरेको छु।

संग्लग्न कागजातहरु

- निवेदन।
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
- २ प्रति पासपोर्ट साइजको फोटो।
- घरेलु तथा साना उधोग कार्यालयबाट प्राप्त व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- आन्तरिक राजस्व कार्यालयबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
- जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको) र संगोलमा भए मंजुरिनामापत्र।
- राजश्व खातामा तोकिएको राजश्व बुझाएको रसिद।
- सम्बन्धित वडा कार्यालयको सिफारिस र चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का (फार्म वा व्यवसायले समुदायमा पार्न सक्ने सकारात्मक/ नकारात्मक प्रभावको विवरण सहितको)
- कृषि/ पशु सेवा प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन।
- फार्मको छाप।

निवेदक

हस्ताक्षरः
नामः
ठेगानाः
सम्पर्क नं.: